# सियारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हर्रैया, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
योजना शाखा

प.सं : ०७९/८०
च.न.: ४३३६

## सिलबन्दी लिलाम बढाबढ सम्बन्धी सूचना।

दोस्रो पटक प्रकाशित मितिः २०८०/०३/०८

सियारी गाउँपालिकाको नदीजन्य पदार्थ उत्खनन व्यवस्थापन एवं नियमन सम्बन्धी कार्यविधि, २०७७, को परिच्छेद २ को दफा (५क) को (ग) अनुसार वडा नं. ४ अन्तर्गत दानव नदी (छपीया) दयानगर घाटबाट आई.ई.ई.अनुसार ८४२८९० घनफुट नदीजन्य पदार्थ नबढ्ने गरी उत्खनन गरी घाटगद्दी गर्ने भनि मिति २०८०/०२/ २६ गते कार्यपालिकाबाट निर्णय भएकोमा उक्त घाटबाट मिति २०८०/०२/२७ गते देखि मिति २०८०/०२/३२ गते सम्म गाउँपालिकाले स्वयम् उत्खनन तथा घाटगद्दी गरेको ३९५०१० घनफुट नदीजन्य पदार्थ सिलबन्दी लिलाम बढाबढ गरी बिक्री गर्नु पर्ने भएकोले तोकिएको शर्तहरु पूरा गरी आवश्यक कागजात सहित बढाबढपत्र पेश गर्न इच्छुक फर्म, सप्लार्सहरुको जानकारीको लागि मिति २०८०/०३/०५ मा सार्वजनिक बढाबढ सम्बन्धी सूचना प्रकाशन गरिएकोमा तोकिएको म्याद भित्र कोही कसैको पनि लिलाम बढाबढ फारम दर्ता हुन नआएको हुदा पुनः ३ दिने सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| क्र.सं. | नदी तथा घाटको नाम | घाटगद्दि गरिएको परिमाण | न्यूनतम शुल्क (भ्याट बाहेक) प्रति घ.फूट | धरौटी जमानत रकम कबोल अंकको ५% | कैफियत |
|---|---|---|---|---|---|
| १ | दानव नदी (छपीया) दयानगर घाट | ३९५०१० घनफुट | १६.३३/- | | |

**शर्तहरुः**

१. कबोल अंकको ५% रकम एन.आई.सि. एशिया बैंकमा रहेको धरौटी खाता 0932050014941012 मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर, नगद वा नेपाल राष्ट्र बैकले जारी गरेको कम्तीमा ३० दिन म्याद भएको बिडबण्डको सक्कलै प्रति संलग्न राखि पेश गर्नुपर्नेछ,अन्यथा दरभाउ प्रकृयामा सामेल गराइने छैन।
२. लिलाम बढाबढको फाराम मिति २०८०/०३/१० गते कार्यालय समयभित्र खरिद गर्न सकिनेछ।
३. लिलाम बढाबढ फाराम मिति २०८०/०३/११ गते दिउसो १२:०० बजे भित्र यस कार्यालयमा पेश गर्नुपर्नेछ र सोही दिन दिउँसो २:०० बजे खोलिनेछ।
४. लिलाम बढाबढको फाराम राजश्व शाखामा रु.३०००/- बुझाई प्राप्त गर्न सकिनेछ।
५. अन्य थप जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न वा वेबसाइटमा हेर्न सकिनेछ।

रोमनाथ न्योपाने
प्रमुख प्रशासकीय अधिकृत